# घरभाडा लिने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०५।२४

यस मन्त्रालयमा कार्यरत कर्मचारीहरुको आवास प्रयोजनका लागि घर भाडा बहालमा लिन तपसिल बमोजिमको मापदण्ड भित्रको घर आवश्यक भएको हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी आफुले दिन सक्ने मासिक बहाल रकम खुलाई रितपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१ बहालमा लगाउने घर/फ्याट विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट पायक पर्ने स्थानमा अवस्थित हुनुपर्ने ।

२ कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्ने ।

३ गाडि तथा मोटरसाइकल पार्किङ्ग गर्ने सुविधा हुनुपर्ने ।

४ प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने ।

५ घरमा विद्युत, धारा, भान्सा, पानी, शौचालयको सुविधा भएको हुनुपर्ने ।

६ बहाल लगाउने फ्याट/ घर एक किचन सहित २ देखी ४ कोठा भएको हुनुपर्ने ।

७ घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपी, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ ।

८ आफुले भाडामा दिन चाहेको फ्याट कति भाडा दरमा दिन सकिने हो । घर बहाल कर सहित मासिक बहाल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

९ नियमानुसारको घर बहाल कर कट्टा गरी मासिक भुक्तानी गरिनेछ ।

१०निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने अधिकार मन्त्रालयमा निहित हुनेछ।

११ अन्य कुराहरु मन्त्रालयले तोके बमोजिम हुनेछ ।